**सैनिक आवासीय महाविद्यालय,** *सल्लाघारी, भक्तपुर* ०१-६६१००५१
**सैनिक आवासीय महाविद्यालय,** *फुलबारी, पोखरा* ०६१-५२७७४६
**सैनिक आवासीय महाविद्यालय,** *फुस्रे, धरान* ०२५-५३११५५
**सैनिक आवासीय महाविद्यालय,** *चैनपुर, चितवन* ०५६-५८३८०३
**विजेश्वरी ज्ञान मन्दिर सैनिक महाविद्यालय,** *विजेश्वरी, काठमाण्डौ* ०१-४२७१४९८
**रिपूमर्दिनी सैनिक माध्यमिक विद्यालय,** *बांसबारी, काठमाण्डौ* ०१-६२००६६४

# विद्यार्थी भर्ना सम्बन्धी सूचना

आगामी शैक्षिक सत्र २०७५ मा सैनिक आवासीय महाविद्यालय भक्तपुर, पोखरा, धरान र चितवनका लागि कक्षा ६, विजेश्वरी ज्ञान मन्दिर सैनिक महाविद्यालयका लागि कक्षा १ र ३ तथा रिपूमर्दिनी सैनिक माध्यमिक विद्यालयका लागि कक्षा १ मा अनुशासित वातावरणमा पूर्ण अंग्रेजी माध्यमबाट अध्ययन/अध्यापन गराउन इच्छुक नेपाली सेनाका सकलदर्जा (बहालवाला तथा भू.पु. सैनिक) तथा गैह्रसैनिक व्यक्तिहरु समेतका छोरा/छोरीहरुको भर्नाको लागि नियमानुसार दरखास्त आव्हान गरिन्छ । दरखास्त फाराम सार्वजनिक बिदाको दिन बाहेक नियमानुसार शुल्क तिरी आफूले अध्ययन गर्न चाहेको महाविद्यालय/विद्यालयको प्रिन्सिपल कार्यालयबाट वा वेवसाइट www.bsamv.edu.np, www.sampokhara.edu.np, www.bgmsm.edu.np बाट पनि डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

**भर्नाको लागि आवश्यक न्यूनतम योग्यता**

क) नेपाल सरकारको मान्यताप्राप्त विद्यालयबाट २०७४ सालमा कक्षा ६ का लागि कक्षा ५ को, कक्षा ३ का लागि कक्षा २ को र कक्षा १ का लागि UKG/SKG को अर्धवार्षिक वा दोस्रो टर्मिनल परीक्षामा कम्तीमा ५०% अंक वा हरेक विषयहरुमा न्यूनतम C+ ग्रेड वा GPA 2.4 प्राप्त गरी उत्तीर्ण भएको हुनुपर्नेछ ।

ख) उमेरको हकमा २०७५ साल बैशाख १ गतेलाई आधार मानी कक्षा ६ का लागि १० वर्ष पुरा भई १२ वर्ष ननाघेको, कक्षा १ को हकमा ५ वर्ष पूरा भई ७ वर्ष ननाघेको र अन्य कक्षाहरुको लागि सोही आधारमा निर्धारित उमेर भएको हुनुपर्नेछ ।

ग) भर्ना हुनको लागि महाविद्यालयद्वारा संचालन गरिने लिखित प्रवेश परीक्षाका सबै विषयहरुमा उत्तीर्ण भई योग्यताक्रम अनुसार दोस्रो चरणका लागि छनौट हुनुपर्ने र अन्तर्वार्ता एवं साधारण स्वास्थ्य परीक्षणमा समेत उत्तीर्ण हुनुपर्नेछ ।

**पेश गर्नुपर्ने कागजातहरु**

क) कक्षा ६ का लागि कक्षा ५ को, कक्षा ३ का लागि कक्षा २ को र कक्षा १ का लागि UKG/SKG को २०७४ सालको अर्धवार्षिक वा दोस्रो टर्मिनल परीक्षाको लब्धाङ्कपत्रको प्रमाणित प्रतिलिपि-१ र विद्यार्थीको उमेर समेत उल्लेख भएको चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि-१

ख) बहालवाला सैनिकका छोरा/छोरीको हकमा जन्ममिति समेत उल्लेख गरी निजको सहोदर छोरा वा छोरी हो भन्ने बारे सम्बन्धित यूनिटका पतिद्वारा प्रमाणित सक्कल प्रमाणपत्र–१

ग) भू.पू. सैनिकका छोरा/छोरीको हकमा निवृत्तिभरण अधिकारपत्रको प्रमाणित प्रतिलिपि-१

घ) स्थानीय पञ्जीकाधिकारीबाट प्रमाणित जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि-२

ङ) हालसालै खिचिएको तस्वीर–२ प्रति (पासपोर्ट साइज-१ र अटो साइज-१)

- ☛ अन्तिम प्रवेश परीक्षाबाट उत्तीर्ण भई भर्नाका लागि छनौट भएका उम्मेदवारहरुले भर्ना हुनु पूर्व सम्बन्धित कक्षा उत्तीर्ण गरेको प्रमाणपत्रहरु (चारित्रिक प्रमाणपत्र र लब्धाङ्कपत्र) अनिवार्य रुपमा महाविद्यालयको परीक्षा शाखामा पेश गर्नुपर्नेछ ।
- ☛ महाविद्यालयको नियमानुसार एकपटकमा १ दम्पत्तीको (सैनिक तथा महाविद्यालय स्टाफ) केवल १ सन्तानले मात्र कुनै एक सैनिक महाविद्यालय/विद्यालयमा सहुलियतमा अध्ययन गर्ने अवसर पाउनेछन् । दर्ता भएका फारामहरु छानबीन गर्ने क्रममा रित नपुगेको वा आवश्यक सम्पूर्ण कागजपत्र संलग्न नभएको पाइएमा त्यस्ता फारामहरु स्वतः रद्द हुनेछन् ।
- ☛ नेपाली सेनामा कार्यरत रहंदा वीरगतिप्राप्त गरेका वा नियममा सुविधा पाउने भनी उल्लेख गरेका सैनिक सकलदर्जाका छोराछोरीहरुलाई समेत नियमानुसार अध्यापन गराउने व्यवस्था मिलाईएको हुंदा भर्ना हुन चाहनेले पनि फाराम दर्ता गर्नु पर्नेछ ।

१. विजेश्वरी ज्ञान मन्दिर सैनिक महाविद्यालयमा कक्षा १ (सैनिक कोटातर्फ) तथा कक्षा ३ (गैरसैनिक कोटातर्फ) का हकमा तल उल्लेखित परीक्षा कार्यक्रम अनुसार नै नयां छात्राहरु भर्ना लिने व्यवस्था मिलाइएको हुंदा अध्ययन/अध्यापन गराउन इच्छुक उम्मेदवारले विस्तृत जानकारीका लागि सम्बन्धित महाविद्यालयमा सम्पर्क राख्न सक्नेछन् ।

२. रिपूमर्दिनी सैनिक माध्यमिक विद्यालयमा कक्षा १ (सैनिक तथा गैरसैनिक कोटातर्फ) मा तल उल्लेखित परीक्षा कार्यक्रम अनुसार नयां छात्र-छात्राहरु भर्ना लिने व्यवस्था मिलाइएको हुंदा अध्ययन/अध्यापन गराउन इच्छुक उम्मेदवारले विस्तृत जानकारीका लागि सम्बन्धित विद्यालयमा सम्पर्क राख्न सक्नेछन् ।

**प्रवेश परीक्षा सम्बन्धी कार्यक्रम**

**फाराम वितरण तथा दर्ता मिति :** २०७४ चैत्र १ गते देखि २०७४ चैत्र १३ गते बिहान १०:०० बजेदेखि अपरान्ह ४:०० बजेसम्म (सार्वजनिक बिदाको दिन बाहेक) ।

**सम्पर्क/प्रवेशपत्र वितरण :** २०७४ चैत्र १६ गते शुक्रवार बिहान ११:३० बजेदेखि अपरान्ह २:०० बजेसम्म ।

**लिखित प्रवेश परीक्षा :** २०७४ चैत्र १७ गते शनिवार अपरान्ह १:०० बजे ।

*विस्तृत जानकारीका लागि सम्बन्धित महाविद्यालय/विद्यालयको प्रिन्सिपल कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।*

- प्रिन्सिपल